# प्रदेश सभा

## गण्डकी प्रदेश

## विशेष अधिवेशन

## (दोश्रो बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति:- २०७८/०१/१४

प्रदेश सभा, गण्डकी प्रदेशको विशेष अधिवेशनको आजको बैठकको कारबाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा प्रारम्भ भयो।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरु, प्रदेश सभाको विशेष अधिवेशनको दोश्रो बैठकको कारवाही प्रारम्भ हुन्छ । (अवरोध) माननीय सदस्यहरु, किन उ भएको हो? के थियो?

**माननीय राजिव पहारी**

मननीय सभामुख महोदय, अहिले हामी गण्डकी प्रदेशका जनताहरुको सार्वभौम सत्ता सम्पन्न प्रदेश सभाको विशेष अधिवेशनमा उपस्थित भैरहेका छौं । यो अधिवेशनमा हामी उपस्थित भैरहेको बेला कोरोना भाइरसको दोश्रो लहरबाट दिन दुई गुणा रात चौ गुणाको दरले यो सङ्क्रमण फैलिरहेको छ । यो दोश्रो चरणको कोरोना भाइरस जुन नयाँ भेरियण्ट सहितको भाइरस अघिल्लो भाइरस भन्दा पनि शक्तिशाली छ । र एउटा ब्याक्तिबाट अहिलेको भाइरसको संक्रमण एकै चोटी ५०/६० जना भन्दा बढि सम्म सर्न सक्ने स्थिति छ । अहिले काठमाण्डौं, नेपालगञ्ज, बुटवलको मात्र होइन, गण्डकी प्रदेश र पोखरामा पनि परिस्थिति क्रमश भयावह हुँदै गएको छ । यो गम्भीर परिस्थितिलाई मध्य नजर गर्दै नेपाल सरकारको मन्त्रीपरिषद्ले बैठकले सिएमसिको सुझावलाई आधार मान्दै कोभिड संक्रमणको अवस्थालाई ध्यानमा राखेर स्थानीय सरकार वा जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा लकडाउन गर्ने अधिकार प्रत्यायोजन गरेको थियो । त्यही अनुसार कास्की जिल्ला प्रशासन कार्यालयले पनि हिजो मात्रै कास्की

जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट निषेधाज्ञा जारी गरेको छ । विश्व महामारीको रुपमा फैलिरहेको नयाँ भेरियण्ट सहितको कोभिड-१९ कोरोना भाइरस संक्रमण हालका दिनहरुमा तिब्र गतिमा फैलिरहेको अवस्थालाई गम्भीरता पूर्वक लिदै कास्की जिल्लामा हुन सक्ने संक्रमण फैलावट रोक्न चेन ब्रेक गर्न कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण कार्यहरु प्रभावकारी रुपमा संचालन एवम ब्यवस्थापन गर्न मिति २०१८।०१।०७ गते यस कार्यलयबाट जारी आदेशका अतिरिक्त मिति ७८।०१।१३ गते बसेको जिल्ला कोभिड-१९संकट ब्यवस्थापन केन्द्र बिसिसिएमसिको निर्णय समेतको आधारमा संक्रमण रोग २०२० को दफा २ र स्थानिय प्रशासन ऐन २०२८ को दफा ६(३) बमोजिम २०७८।०१।१५ गते बिहान ६ बजेदेखि ०७८।१।२१ गते राति बजेसम्म कास्की जिल्ला भर लागु हुने गरी देह्या बमोजिमको आदेश जारी गरेको छ। जुन आदेशमा सबै प्रकारका सभा, सम्मेलन, बैठक, गोष्टी, तालिम, सेमिनार संचालन गर्न, मानिसहरुको भेला हुन, भिडभाड गर्न तथा सभाजुलुस गर्न, जात्रा महोत्सब देखि लिएर सबै कुराहरु गर्नको निम्ति निषेध गरेको छ र यी कुराहरुलाई कार्यान्वयन नगरेमा उल्लेखित आदेशको अवज्ञा गरेको पाइएमा स्थानीय प्रशासन ऐन २०२८ संक्रामण रोग ऐन २०२० एवंम अन्य प्रचलित कानून बमोजिम कारवाही हुने समेतको व्यवस्थालाई ख्याल गरेर यो कोभिड-१९ को नियन्त्रणको निम्ति जिल्ला प्रशासन कार्यालयले भोलि मिति १५ गते बिहान ६ बजे देखि ०७८।०१।२१ गते राती १२ बजेसम्म निषेधाज्ञा जारी गरेको कुरा म माननीय सभामुख मार्फत यो सम्मानित सदनमा जाहेर गर्न चाहान्छु। र गण्डकी प्रदेश र कास्कीमा पनि कोरोना भाइरसको संक्रमणलाई रोकथाम गर्नको निम्ति यो चेन ब्रेक रोक्न हामीले सकिएन भने पोखराको अवस्था पनि भारतको नयाँ दिल्लीका जनताले ब्यहोर्नु परेको जस्तो अवस्था नहोला भन्न सकिन्न । आज भारतको नयाँ दिल्लीमा भन्नुहोस्, नेपागञ्जमा भन्नुहोस् बिरामीहरु हस्पिटलमा बेड पाउने कुरा त छोड्दिउ, बाहिर हस्पिटल भन्दा बाहिर पनि उपचार नपाएर, अक्सिजन नपाएर मर्नु परिरहको अवस्था छ । स्वास्थ्य निर्देशनाय गण्डकीले उपलब्ध गराएको सबै भन्दा ताजा तथ्याङ्क अनुसार कास्कीमा पछिल्लो २४ घण्टामा ६९ जना संक्रमित भेटिए कुल संक्रमित सङ्ख्या ६६४ पुगेको छ । हिजो मात्रै गण्डकीमा ४ जना संक्रमितको ज्यान गएको अवस्था छ । हामी जनताबाट निर्वाचित जनप्रतिनिधिहरु जनताले यो ब्यहोर्नु परेको दुख, कष्ट, बिपत्तिमा हामी सँगै साथ रहनुपर्छ। माननीय सभामुख महोदय, अहिले यो बिषम र जटिल परिस्थितिलाई ख्याल गरेर अविलम्ब यहाँ उपस्थित सम्पुर्ण माननीयहरुको कोभिड पिसिआर टेष्ट गरियोस् र माननीयहरुको

डवल डोज पनि आधा भन्दा बढि माननीय अझसम्म दोश्रो डोजको भ्याक्सिन पनि लगाएको अवस्था छैन। लगाईरहेको अवस्था छैन र यो कास्की जिल्ला प्रशासनले जारी गरेको यो आदेशमा पनि घर भित्रै धार्मिक पुजा गर्दा पनि १५ जना भन्दा बढि उपस्थित भएर, जम्मा भएर गर्न नपाइने भनेर जनतालाई निर्देशन गर्ने जारी गर्ने काम गरेको छ। तर जनताको सार्वभौम सत्ता सम्पन्न प्रदेश सभामा जनप्रतिनिधि, कर्मचारीहरु, सुरक्षाकर्मिहरु सबै गरी कम्तिमा २०० जना भन्दा बढि जम्मा भएर कुनै हामीले पिसिआर टेष्ट नगरी कन भौतिक दुरी कायम नगरीकन हेल्थ पोर्टोगल सामान्य विधि पनि पुरा नगरिकन प्रदेश सभा संचालन गर्दा भोलि कोरोना संक्रमण यो प्रदेश सभामा फैलियो। कोरोना भाइरस यसको कारणले त्यस्तो नहोस् म गर्न चाहान्छु । कुनै माननीय वा कर्मचारीको मृत्यु हुन पुग्यो भने त्यसको जिम्मेवार को हुने? यसको दोषी को हुने? तसर्थ हामी जनताका पद प्रदर्शकहरु अगुवाको रुपमा रहेका जनप्रतिनिधिहरुलाई ले हामी जनतालाई घर भित्रै रहनु भनेर सरकारले निर्देशन जारी गरिरहको अवस्थामा प्रशासनले निर्देशन जारी रहहो अवस्थामा हामी करिब २०० भन्दा बढि ब्याक्तिहरु जम्मा भएर बैठक बस्न मिल्दैन तसर्थ तुरुन्त अविलम्ब यो पिसिआर टेष्ट गरियोस् र मात्र यो सदनलाई अगाडि बढाइयोस् भन्ने माग म गर्न चाहान्छु र अर्को हामी प्रदेश सभाको धेरै माननीयहरु पनि आफैमा चाहे स्वास प्रस्वाश सम्बन्धि होस्, प्रेसर, सुगर थाइराइड लगायतका दीर्घ रोगबाट पनि ग्रसित छौ र दीर्घ रोगीहरुलाई त अझ यो कोरोना भाइरसको संक्रमण छिटो हुने अवस्था छ र अर्को यो सन्दर्भमा राष्ट्रिय पत्रपत्रीकाहरुलेले पनि यो सदन सुरु हुँदैछ भनेपछि पिसिआर बिना संसदको बैठक सुरु हुँदैछ भनेर पनि पत्रपत्रिकाहरुले पनि ध्यानाकृष्ट अवस्था थियो । हिजो मात्रै हाम्रो नेपाली जनताको प्यारो पार्टी नेपाल कम्युनिष्ट पार्टी (एमाले) गण्डकी प्रदेश संसदिय दलको तर्फबाट प्रमुख सतेचक माननीय मायानाथ अधिकारीले पनि यो विषयमा सभामुखको गम्भीरतापूर्वक सदन सुरु हुने बित्तिकै ध्यानाकृष्ट गराउनु भएको थियो । तर त्यसलाई प्रमुख सचेतकले ध्यानाकृष्ट गरिसकेपछि पनि यो विषयमा सभामुखबाट केही रुलिङ हुनेछ भन्ने हामीले अपेक्षा गरेका थिएम । तर त्यस्तो केही पाइएन । तसर्थ यो पिसिआर टेष्ट नगराईकन यो सदन सुरुवात नगरियोस् भनेर मैले नेपाल कम्युनिश्ट पार्टी एमाले संसदीय दलको तर्फबाट यो सम्मानित सदनमा जोडदार माग गर्न चाहान्छु । यदि पिसिआर टेष्ट नगराइकन यो सदन अगाडि बढ्न हुँदैन । बढ्न सक्दैन भन्ने माग राख्न चाहान्छु, धन्यवाद ।

## मानीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु, आज सम्मनको कार्यसूची स्वयम प्रदेश सरकारको मन्त्री प्रवक्ताको बसेर सर्वदलीय कार्यसूचीको रुपमा निर्णय भैसकेको थियो । अब त्यसकारण त्यो निर्णयको आधारमा यो बैठक सुचारु गरिएको हो । एक त दोश्रो हिजोको बैठक सामान्य ध्यानाकर्षण हुँदा हुदै पनि मैले सम्बन्धित दलका नेताहरुलाई के भनेथे भने त्यो प्रदेश प्रमुखले बोलाएको पत्र हो । त्यो पत्रमा हामीले त्यसलाई रोक्न सक्दैनौ, त्यो सुचारु हुन्छ भन्ने थियो । त्यसकारण बस्न माननीयहरुलाई अनुरोध गर्छु र त्यसपछि अब यो आज सम्मनको प्रदेश सरकार सहित अब कार्यव्यवस्थाको सर्वसम्मति निर्णय अनुसार आजको कार्यसूची बनेको त्यसको आधारमा चलेको भन्नी कुरा सबै माननीयहरुले बुझ्नको लागि म अनुरोध गर्दछु ।

माननीय सदस्यहरु बसेर यो आजको कार्यसूची सम्मनलाई तपाईंहरुले सहयोग गर्नुस्। यो हामी सबै सर्वसम्मत ढङ्गले नै यो निर्णय गरेको स्थिति हो ।

माननीय सदस्यहरु यो आजको कार्यसूची सबैको सर्वसम्मत निर्णयबाट भएको हो । त्यसकारण बसेर अब सहयोग गर्न अनुरोध गर्दछु ।

माननीय सदस्यहरु अब यो सत्ता पक्षकै माननीयहरु अहिले अवरोध गरिरहनु भको छ। त्यसकारण २० मिनेटको लागि मैले यही स्थगित गर्दछु ।